सुदूरपश्चिम विश्वविद्यालय

## कृषि विज्ञान संकाय, डीनको कार्यालय

टीकापुर, कैलाली

# कृषि विज्ञान संकाय अतिरिक्त कोटा भर्ना निर्देशिका २०८१/०८२

१. अतिरिक्त कोटामा जम्मा विद्यार्थी भर्ना संख्या १० (दश) जना रहनेछ।

२. भर्नाको लागि आवश्यक न्यूनतम योग्यता I.Sc.Ag/I.Sc./+2 Science वा सो सरहको तहमा कुल प्राप्ताङ्कको पचास प्रतिशत (५०%) अङ्क प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ।

३. नेपाल सरकारको मातहतका सरकारी संघ/संस्था/निकायहरुमा कम्तिमा तीन वर्ष स्थायी सेवा पुरा गरि सेवामा कार्यरत कर्मचारीलाई सम्बन्धित कार्यालयको पुर्व स्वीकृति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुर्व स्वीकृति अथवा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पुर्व स्वीकृति सिफारिसमा भर्ना गरिनेछ।

४. सम्बन्धित निकाय वा मन्त्रालयबाट मनोनयन/छनौट भई आएका विद्यार्थीहरुबाट लिने शुल्क सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषदले तोकेबमोजिमको शुल्क संस्था विकास कोष (Institutional Development Fund) बाफत रु ३,००,०००/-(तिन लाख मात्र) र प्रति सत्रान्त अन्य पूर्ण शुल्कको कोटामा विद्यार्थीलाई लाग्ने शुल्क सरह हुनेछ।

५. सम्बन्धित निकाय वा मन्त्रालयबाट मनोनयन/छनौट भई आएका विद्यार्थीहरुले आवास तथा अन्य खर्चको व्यवस्थापन स्वयंले गर्नुपर्नेछ।

६. भर्नाका लागि सिफारिस भएका विद्यार्थीहरुको शैक्षिक गुणस्तर र निरन्तरतालाई विशेष ध्यान दिई निजको सत्रान्तको प्रगती विवरण सम्बन्धित निकाय वा मन्त्रालयले माग गरे बमोजिम उपलब्ध गराईने छ।

७. अतिरिक्त कोटामा १० जना भन्दा बढीको आवेदन पर्न आएमा लिखित परीक्षा ४०%, शैक्षिक प्राप्ताङ्क ४०% र अन्तर्वार्ता २०% मा प्राप्त गरेको प्राप्ताङ्कको कुलयोगको बरियताक्रमको आधारमा छनौट गरिनेछ।

८. लिखित परीक्षामा सामान्य प्रशासन, कृषि तथा पशुपन्छी, विज्ञान तथा प्रविधि र सामान्य ज्ञान सम्बन्धि वस्तुगत प्रश्नहरु रहनेछन।

९. सम्पूर्ण विद्यार्थीलाई शैक्षिक गुणस्तरका लागि विश्वविद्यालय तोकेको कार्यदिश अपरिहार्य रूपमा लागु हुनेछ।

१०. आवेदन शुल्क रू.४,५०० ।– (चार हजार पाँच सय मात्र)।

११. Online/offline प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद:

क) मिति २०८१/०४/२४ गते देखि २०८१/०५/२४ गते सम्म।

ख) आवेदन फाराम भर्ने विद्यार्थीहरुले कार्यालय समयभित्र नेपाल बैक लिमिटेड टीकापुर, कैलालीमा रहेको कृषि विज्ञान संकाय, डीनको कार्यालय, टीकापुरको चल्ती हिसाब खाता नं. १०७००१०६५५३९२५०००००१ मा दाखिला गरेको सक्कल बैक भौचर एवं आवश्यक कागजातहरुको pdf फाईल बनाई निर्धारित आवेदन परीक्षा आवेदन फाराम यस कार्यालयको email agriculture@fwu.edu.np मा पठाउनु पर्नेछ र offline को हकमा कृषि विज्ञान संकायबाट प्रवेश आवेदन फारम प्राप्त गरि सोही कार्यालयमा बुझाउन सकिने छ।

ग) प्रवेश परीक्षा दिन आउँदा परीक्षार्थीहरुले प्रवेश पत्र का साथै सबै प्रमाणपत्रहरु सक्कल प्रति साथमा ल्याई आउनुपर्नेछ ।

घ) प्रवेश परीक्षा आवेदन फाराम भर्दा upload गर्नुपर्ने/बुझाउनु कागजातहरु:

- SEE को Marksheet, Provisional र Character Certificate।
- १०+२, तीन वर्षे कृषि डिप्लोमा वा सो सरहको Transcript, Provisional, Migration र Character Certificate।
- स्थायी नियुक्ति पत्रको प्रतिलिपि।
- नेपाली नागरिकता र पासपोर्ट साईज फोटो।
- सम्बन्धित कार्यालयको पुर्व स्वीकृति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुर्व स्वीकृति अथवा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पुर्व स्वीकृति
- विदेशी बोर्डबाट उत्तिर्ण गरेको भए सम्बन्धित बोर्डको समकक्षता (Equivalent) पत्र।

ङ) रित नपुगी वा आवश्यक कागजात नपुगी आएका परीक्षार्थीहरुलाई प्रवेश परीक्षामा समावेश गराइने छैन।

१२. प्रवेश परीक्षा मिति २०८१।०५।२८ गते शुक्रबार बिहान ११:०० बजे टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलाली सञ्चालन हुनेछ र नतिजा प्रकाशन सोही दिन गरिनेछ।

१३. प्रवेश परीक्षा सम्बन्धी थप जानकारिका लागि कृषि विज्ञान संकायको टेलिफोन नं.०९१–५६०८२४/५६०२६५/५६००८८ मा सम्पर्क गर्न वा website:agriculture.fwu.edu.np मा हेर्न सकिनेछ।

**प्रवेश परीक्षा व्यवस्थापन तथा संचालन समिति**